# गढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
समनपुर,रौतहट
प्रदेश नं. २ नेपाल

पत्र संख्या :- ०७८/०७९

चलानी नं. ६९

मिति :-२०७८।०४।१३

श्री वडा कार्यालय सबै
गढीमाई नगरपालिका ।

**विषय:- नविकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं.६१ मिति २०७८।०४।०३ को प्राप्त पत्रानुसार सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि ,२०७७ अनुरुप सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुले अगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आर्थिक वर्षको श्रावण महिना देखी कार्तिक मसान्तभित्र नाम नविकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था रहेकोमा हाल सामाजिक सुरक्षा नियमावली २०७७ लागु भईसकेपछी नियमावलीको प्रत्येक आर्थिक वर्षको श्रावण महिना देखी कार्तिक मसान्तभित्र नाम नविकरण गर्नको लागि प्रत्येक लाभग्राहीहरुमा सुचना तथा जानकारी गर्नु गराउनुहुन जानकारी साथ अनुरोध छ । साथै श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं.६१ मिति २०७८।०४।०३ को पत्र यसै पत्र साथ संलग्न राखी पठाईएको छ ।

**आवश्यक कागजपत्रहरु**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको २ प्रति फोटो ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको परिचय पत्रको प्रतिलिपी ।
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- अपाङग भएका व्यक्तिको हकमा पालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि ।
- असहाय एकल/विधवा महिलाको हकमा पतिको मूत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारीस ।

**नोट:तोकिंएको समयमा नविकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।**

२०७८।०४।१३

कृष्ण कान्त प्रसाद यादव
नि.प्रमुख प्रशासकीय अधिकृत

Email:-gadhimaimunregsec076@gmail.com

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११४२३, ४२११९३८
४२००८१४, ४२००८१५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९९९९९

पत्र संख्या: [redacted]०७८/७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ६९

सिंहदरबार,
काठमाडौं, नेपाल
मिति : २०७८/०४/०३

विषय :- सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धमा ।

श्री स्थानीय तह सबै ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) को उपनियम (१) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले श्रावण महिना देखि कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनु पर्ने व्यहोरा उल्लेख भएको भएता पनि आ.ब. २०७८/०७९ को बजेट बजेट वक्तव्य बमोजिम आ.व. २०७८/०७९ देखि त्रैमासिक बजेट निकासा हुने भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक बजेट निकासा गरी असोज मसान्त भित्र पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने हुँदा सो सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

देहाय:

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको विवरण लाभग्राही स्वयं उपस्थित भई भाद्र मसान्त भित्र नवीकरण गरिसक्ने व्यवस्था गर्ने ।
२. विवरण नवीकरण नभएमा लाभग्राहीले नयाँ लाभग्राहीको रुपमा निवेदन दिई अर्को महिना देखि मात्र भत्ता प्राप्त गर्न सक्ने हुँदा लाभग्राहीलाई समयमा नै जानकारी गराई नवीकरणको कार्य तदारुकता साथ गर्ने ।
३. स्थानीय सञ्चार माध्यम रेडियो, टेलिभिजन लगायतका भरपर्दो सञ्चार माध्यमद्वारा लाभग्राहीलाई आवश्यकता अनुसार स्थानीय भाषामा समेत जानकारी गराउने व्यवस्था गर्ने ।
४. त्रैमासिक बजेट निकासा गर्दा वास्तविक लाभग्राहीको संख्या बमोजिम मात्र निकासा हुने हुँदा दोहोरो परेका, मृत्यु भएका लाभग्राहीको विवरण वा कुनै कारणले लगत कट्टा गर्नु पर्ने भए सो गरी लाभग्राहीको वास्तविक संख्या यकिन गराउने व्यवस्था गर्ने ।
५. कतिपय लाभग्राहीहरुको विवरण दर्ता गर्दा निवेदन प्राप्त गर्नु भन्दाको अगाडिको मिति राखेर समेत दर्ता गर्ने गरेको पाइएकोले यस प्रकारको कार्यलाई निरुत्साहित गरी लाभग्राहीको पूर्ण विवरण भरी जुन मितिमा निवेदन प्राप्त भई दर्ता भएको हो सोही विवरणलाई आधार मानी सोही दिन दर्ता गराउने व्यवस्था गर्ने ।

२०७८/०४/०३

(मेघ राज शंकर)
शाखा अधिकृत

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np